# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

केरावारी, मोरङ
१ नं. प्रदेश नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination-IEE) को प्रस्ताव आव्हान सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मितिः २०७७/०५/३०

केराबारी गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न खोलाहरु (भलुवा-लोहन्द्रा, खदम, मुगु र हुरहुरे) का विभिन्न स्थानहरुबाट यस गाउँपालिकाद्वारा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थहरु उत्खनन् तथा व्यवस्थापन गर्ने सम्बन्धमा केराबारी गाउँपालिकाले स्वीकृत गरेको कार्यसुची (Terms of Reference) को अधिनमा रही वातावरण संरक्षण ऐन २०७६ को दफा ३ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम ३ र अनुसुची २ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) प्रतिवेदन तयार गरी केराबारी गाउँपालिका वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन २०७६ को दफा ६ को उपदफा २ र ६ बमोजिम स्वीकृत गराउने कार्यको लागि परामर्श सेवाको आवश्यक परेको हुँदा प्रचलित कानुन अनुसार रितपुर्वक दर्ता भएका सम्बन्धित ईच्छुक परामर्शदाता कम्पनि वा फर्महरुबाट अध्ययनको कार्यविधि, कार्यतालिका, र अध्ययनमा संलग्न हुने परामर्शदाताहरुको विवरण सहितको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव, छुट्टाछुट्टै सिलबन्दी गरी पुनः अर्को छुट्टै खामवन्दी गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कम्पनी/फर्म दर्ता तथा नविकरण प्रमाण पत्र, प्रोफाईल, सम्बन्धित कामको अनुभवको प्रमाणपत्र, भ्याट दर्ता र आ.व २०७५।०७६ सम्मका कर चुक्ता प्रमाणपत्र समेत संलग्न गरी केराबारी गाउँपालिकामा प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । कम्पनी/फर्महरुको सम्बन्धित कार्य अनुभव तथा परामर्शदाता टोलीका सदस्यहरुको योग्यता र अनुभवका आधारमा प्रस्तावको छनौट गरिनेछ । यस कार्यको लागि स्वीकृत कार्यसुची (Terms of Reference) https://www.kerabarimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । यस सुचना सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

| सि. न. | प्रस्तावको नाम | लागत अनुमान (रू) | कैफियत |
|---|---|---|---|
| १ | भलुवा-लोहन्द्रा, खदम, मुगु र हुरहुरे खोलाहरुबाट तोकिएका नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी तथा स्वीकृत गराउने । | ११,२४,२५६।०४ (एघार लाख चौविस हजार दुई सय छपन्न रुपैंया चार पैसा मात्र) | (अधिकतम भ्याट सहित) |

(प्राविधिक र आर्थिक प्रस्ताव दर्ता दस्तुर रू १०००।०० (फिर्ता नहुने गरी) तोकिएको छ ।)

**प्रमुख प्रशासकिय अधिकृत**